# नेपाल सरकार
## सङघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
### आर्थिक प्रशासन शाखा

फो.नं.
४२००२६०
४२००२८७
सिंहदरबार, काठमाण्डौं

प.सं. २०७४।७५
च.नं. ३३२

मितिः- २०७४।०९।२१

*विषयः- वित्तीय सुशासन तथा बेरुजु फछ्यौंट सम्बन्धी अभिमुखीकरणमा सहभागी हुन पठाइ दिने सम्बन्धमा ।*

श्री स्थानीय तह (सबै)
प्रदेश नम्बर १ ।

प्रस्तुत विषयमा प्रदेश नं. १ स्थित गाँउपालिका तथा नगरपालिकामा कार्यरत आर्थिक प्रशासन शाखा प्रमुखहरुलाई वित्तीय सुशासन तथा विद्युतीय लेखा प्रणाली सम्बन्धी अभिमुखीकरण हुने भएकोले उक्त अभिमुखिकरण कार्यमा आर्थिक प्रशासन सञ्चालन गर्दा अपनाउनु पर्ने कार्यविधि, बेरुजु अभिलेख तथा बेरुजु फछ्यौंट गर्न अपनाउनुपर्ने तरिका , विद्युतीय लेखा प्रणालीका लागि MARS को component I को रुपमा तयार गरिएको SUTRA (Subnational Treasuary Regulatory Application) लागू गर्ने विषयमा प्रशिक्षण हुने भएकाले त्यस कार्यालयका आर्थिक प्रशासन शाखा प्रमुखलाई यस मन्त्रालयको च.नं. १७ र १९ मिति २०७४।०४।०४ को पत्र बमोजिम आ.व. २०७३/७४ को खर्च, राजश्व, धरौटी, जिन्सी तथा सम्पत्तिको आर्थिक विवरण, बेरुजुको अवस्था, फछ्यौंटको कार्ययोजना समेत लिई तपशिल बमोजिम स्थानमा सञ्चालन हुने वित्तीय सुशासन तथा बेरुजु फछ्यौंट सम्बन्धी अभिमुखीकरण कार्यक्रममा अनिवार्य रुपमा तपशिल अनुसार सहभागी हुन पठाइदिनु हुन यस मन्त्रालयको मिति २०७४।०९।१२ को निणर्यानुसार अनुरोध छ ।

**प्रदेश नं. १ अन्तर्गतका गाऊँपालिका तथा नगरपालिकाहरुले आर्थिक विवरण लिई आउने र तालिम सन्चालन हुने कार्य तालिका**

**पहिलो समूह :**

| सि.नं. | गाऊँपालिका/नगरपालिको नाम | विवरण लिई आईपुग्ने मिति | तालिम संचालन हुने |
|---|---|---|---|
| १ | ताप्लेजुङ्ग, इलाम, मोरङ्ग, खोटाङ्ग जिल्ला स्थित स्थानीय तहहरु | २०७४ माघ ०३ गते | २०७४ माघ ०४ गते विहान ८:०० वजेदेखि ५:०० बजे सम्म |

**दोश्रो समूह :**

| सि.नं. | गाऊँपालिका/नगरपालिको नाम | विवरण लिई आईपुग्ने मिति | तालिम संचालन हुने |
|---|---|---|---|
| १ | पाँचथर, झापा, सुनसरी, संखुवासभा जिल्ला स्थित स्थानीय तहहरु | २०७४ माघ ०४ गते | २०७४ माघ ०५ गते विहान ८:०० वजेदेखि ५:०० बजे सम्म |

**तेश्रो समूह :**

| सि.नं. | गाऊँपालिका/नगरपालिको नाम | विवरण लिई आईपुग्ने मिति | तालिम संचालन हुने |
|---|---|---|---|
| १ | तेह्थुम, धनकुटा, भोजपुर, सोलुखुम्बु, ओखलढुङ्गा, उदयपुर जिल्ला स्थित स्थानीय तहहरु | २०७४ माघ ०५ गते | २०७४ माघ ०६ गते विहान ८:०० वजेदेखि ५:०० बजे सम्म |

**तपशिलः-**

प्रशिक्षण हुने स्थानः- होटल प्यासिफिक, रोडशेष चोक विराटनगर ।
प्रशिक्षण हुने मितिः- २०७४।१०।०३ देखि ०६ सम्म
सम्पर्क गर्नु पर्ने व्यक्तिः- श्री हिमलाल अधिकारी - ९८५११६६३०७

.............................
ढुण्डी प्रसाद निरौला
उप सचिव (लेखा)

**बोधार्थ तथा कार्यार्थः-**

श्री जिल्ला समन्वय समितिको कार्यालय,
प्रदेश नम्बर १ - त्यस जिल्ला स्थित गाँउपालिका तथा नगरपालिकाका आर्थिक प्रशासन शाखा प्रमुखहरुलाई उपरोक्त प्रशिक्षणमा सहभागी हुने बारेमा जानकारी गराईदिनु भई सहयोग पुर्याइदिनु हुन अनुरोध छ ।
श्री सूचना तथा विद्युतीय सुशासन शाखा,
सिंहदरबार, काठमाण्डौ - Website मा राखिदिनु हुन अनुरोध छ ।